# मुक्तिनाथ विकास बैंक लिमिटेड
# MUKTINATH BIKAS BANK LIMITED

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त “ख” बर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको विकास बैंक)

वडा नं.३१, कमलादी, काठमाण्डौ, नेपाल, फोन नं.: ४१६८६८५, ४१६८६८६, फ्याक्स नं.: ४१६८६८४
E-mail: info@muktinathbank.com.np, URL: www.muktinathbank.com.np

को

## शिलबन्दी बोलपत्रद्वारा शेयर बिक्री गर्ने बारे सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७४/७/२३**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७४/७/३०**

श्री मुक्तिनाथ विकास बैंक लिमिटेडको हकप्रद शेयरहरु मिति २०७४/५/४ गतेका दिन देखि २०७४/६/८ गतेसम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा देहाय बमोजिमको शेयरहरुका लागि आवेदन नपरेकाले नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशिका, २०७३ को निर्देशन तथा धितोपत्र निष्काशन बाँडफाँट निर्देशिका, २०७४ को निर्देशन नं. १५ समेतको प्रावधानलाई आधार मानी उक्त शेयरहरु बोलकबोल बढाबढ गरी बिक्री गर्ने विकास बैंकको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न इच्छुक जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०७४ साल कार्तिक ३० गते भित्र** देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ।

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरु: |
|---|---|
| १. | एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौ । |
| २. | मुक्तिनाथ विकास बैंक लमिटेडको रजिष्टर्ड (केन्द्रीय) कार्यालय कमलादी, काठमाण्डौं तथा शाखा कार्यालयहरू पृथ्वीचोक-९, पोखरा, विरगंज र बुटवल । |
| ३. | नेपाल इन्भेष्टमेन्ट बैंक लि. को शाखा कार्यालयहरुः विराटनगर, नेपालगन्ज, सुर्खेत र धनगढी । |

**तपसिल**

**बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरण:**

| | | |
|---|---|---|
| **(क) संस्थापक शेयर** | : | **२७,७६५.५१ कित्ता** |
| **(ख) सर्वसाधारण शेयर** | : | **१,३५,०३७.५३ कित्ता** |
| **जम्मा** | : | **१,६२,८०३.०४ कित्ता** |

**शर्तहरु:**

१. बोलपत्र आवेदन फाराम रु.१००/- भुक्तानी गरी माथि उल्लेखित संकलन केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ।

२. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ।

३. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१००/- तोकिएको हुँदा सो वा सोभन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नु पर्नेछ।

४. शेयर खरीदको लागि बोलकबोल पेश गर्दा संस्थापक समूहतर्फको लागि न्यूनतम १०० कित्ता र सर्वसाधारण समूहतर्फको लागि न्युनतम १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ। दशमलवमा (खण्डित रुपमा) आउने गरि शेयर आवेदन गर्न पाइने छैन।

५. शिलबन्दी खाम बाहिर सर्वसाधारणतर्फको शेयरको लागि आवेदन गर्दा “**मुक्तिनाथ विकास बैंक लिमिटेडको सर्वसाधारण शेयर खरीद आवेदन**” तथा संस्थापकतर्फको शेयरको लागि आवेदन गर्दा “**मुक्तिनाथ विकास बैंक लिमिटेडको संस्थापक शेयर खरीद आवेदन**” उल्लेख भएको हुनु पर्नेछ। शिल बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ।

६. संस्थापक समूहको शेयर खरिद गर्नका लागि लिलाम बिक्री खुल्ला रहेको मितिसम्म कायम संस्थापक शेयरधनीहरु मात्र योग्य हुनेछन्।

७. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा कुमारी बैंक लि., पुतलीसडक, काठमाडौंमा रहेको खाता नं. **०१२४५२४६१६४०९०१५** मा नगद जम्मा गरि सो को सक्कल भौचर संलग्न गरी वा "**NIBL Capital Markets Limited**" को नाममा जारी गरिएको **Good for Payment Cheque** संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ।

८. सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँट गरिनेछ। शेयर बाँडफाँट गर्दा सबैभन्दा बढी बोलकवोल गर्ने क्रमहरु मध्येको कम बोलकवोल गरि बाँडफाँटमा पर्ने आवेदकलाई खण्डित रुपमा बाँकी रहेको शेयर समेत बाँडफाँट गरि समायोजन गरिनेछ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ।

९. बोलपत्रवालाले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. (Demat Account no.) आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ।

१०. बोलपत्रवालाले एकै समूहमा एक भन्दा बढी बोलपत्र पेश गर्न पाइने छैन। बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन।

११. बोलपत्रहरु सम्पूर्ण संकलन केन्द्रहरुबाट बिक्री प्रवन्धकको कार्यालयमा संकलन भए पश्चात् कम्तिमा दुई कार्य दिन अघि बोलपत्र खोलिने मिति समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराए पश्चात् खोलिने छ।

१२. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन।

१३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संस्था, कम्पनी हुनु पर्नेछ। आवेदक संगठित संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि तथा अख्तियारनामा समेत पेश गर्नु पर्नेछ।

१४. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुको रकम “धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४” मा व्यवस्था भए बमोजिम फिर्ता भुक्तानी गरिने छ। साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने व्यहोरा पनि जानकारी गराइन्छ।

१५. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाडौंको सूचना पाटी तथा वेवसाइटः www.niblcapital.com मा हेर्न सक्नु हुनेछ।

**बिक्री प्रबन्धक:**

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

**यस सूचना मार्फत बिक्री गरिने हकप्रद शेयर खरिदकर्ताहरुले समेत आ.ब.२०७३/०७४ को मुनाफाबाट वितरण गरिने २० प्रतिशत बोनस शेयर पाउने छन्।**

मिति २०७४/७/१४ गतेको अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित गर्ने।
मिति २०७४/७/१४ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने।